प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

गण्डकी प्रदेश, पोखराको

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## स्थानीय पाठ्यक्रम निर्माणमा विज्ञ सेवा उपलव्ध गराउने सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति: २०७७/०९/२६

यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस प्रदेश अन्तर्गतका केही स्थानीय तहहरुमा आधारभूत तहको स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन सम्बन्धी विज्ञ सेवा उपलव्ध गराउने कार्यक्रम रहेकोले स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी विशेषज्ञ सेवा आवश्यक पर्ने स्थानीय तहहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा प्रस्ताव सहित माग निवेदन पेश गर्नुहुन सम्बन्धित स्थानीय तहहरुलाई सूचित गरिन्छ । साथै स्थानीय तहहरुको छनौट गर्दा स्थानीय तहमा रहेका विद्यालय एवम् विद्यार्थी संख्या र भौगोलिक क्षेत्र समेतलाई आधार मानी गरिनेछ भने पाठ्यक्रम निर्माण सम्बन्धमा खर्चको व्यवस्थापन तपसिल बमोजिम हुने गरी विज्ञ सेवा उपलव्ध गराउन सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिल

१. पाठ्यक्रम निर्माण प्रक्रियाको लागि आवश्यक खर्चको व्यवस्था सम्बन्धित स्थानीय तहहरुले गर्नुपर्नेछ ।

२. पाठ्यक्रम निर्माणका सम्बन्धमा विज्ञ परामर्श सेवा उपलव्ध गराउने कार्य सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशले मिलाउनेछ ।

०७७।९।२६

उप-सचिव